गंगादेव गाउँपालिकाको गाउँसभाको

२१ औं अधिवेशनमा गाउँपालिका उपाध्यक्ष श्री अमृता कुमारी केसीद्वारा प्रस्ततु

आर्थिक वर्ष २०८३/०८४ को

# बजेट वक्तव्य तथा कार्यक्रम

गंगादेव गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

सानडाँडा, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

आदरणीय यस गाउँ सभाका सभाध्यक्ष ज्यू
गाउँसभाका सदस्य ज्यू, सभाका सचिव ज्यू, सम्पुर्ण राष्ट्र सेवक कर्मचारी, संचारकर्मी, सुरक्षाकर्मी तथा गंगादेवबासी सम्पुर्ण दाजुभाई दिदिबहिनीहरु

प्राकृतिक सम्पदाले भरिपूर्ण, कृषि क्षेत्रको विकासले परिचित, भाषागत एकरुपता, सामाजिक एकता र सदभाव, भौगोलिक विविधतायुक्त गंगादेव गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आर्थिक वर्ष २०८३/०८४ को आय व्ययको विवरण (बजेट) यस गरिमामय गाउँसभामा प्रस्तुत गरिरहदा गौरवान्वित भएको महसुस गरेको छु।

संघीय लोकतान्त्रिक गणतन्त्र, नेपालको निर्माणमा नागरिक अधिकार प्राप्तीको लागि भएका आन्दोलन र पटक-पटकको संघर्षमा आफ्नै जीवन उत्सर्ग गर्ने महान् शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै नेपालको विभिन्न क्षेत्रमा परिवर्तनको लागि नेतृत्वदायी भूमिका खेल्ने आम नागरिकहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु संघ र प्रदेश सरकारका नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दीगो विकासका लक्ष्य, संघीय, प्रादेशिक तथा स्थानीय ऐन, कानून र कार्यविधिहरुबाट निर्देशित हुँदै यसै सम्मानित गाउँभाबाट स्वीकृत गंगादेव गाउँपालिकाको आ.व २०८३/०८४ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी नीति तथा कार्यक्रमको उद्देश्य "**समृद्ध गंगादेवः सम्मानीत गंगादेवबासी**" को मुल मर्मलाई आत्मसात गर्दै बजेट तर्जुमा गरेको छु । यसै गरी राजनैतिक दलका नेतृत्वका सुझाव, विगतको अनुभव, नागरिक समाज, निजी क्षेत्र, सहकारी क्षेत्र, टोल विकास संस्था, स्थानीय सामुदायिक संघ संस्था, वुद्धिजीवी,सरोकारवाला निकाय, संचारकर्मी लगायतका क्षेत्रहरुबाट विभिन्न माध्यमबाट प्राप्त राय, परामर्श तथा रचनात्मक सुझावहरुलाई समेत समेट्दै आगामी आ.व. २०८३/०८४ को अनुमानित बजेट प्रस्ताव गरेको छु ।

यो बजेट गाउँबासीको तीव्र विकासको उत्कट आकांक्षा र आवश्यकतालाई प्राथमिकता दिँदै तयार गरिएको हो। समावेशी र समानुपातिक विकासको मार्गदर्शनमा रहि, यो बजेटले गाउँपालिकाभित्रका विविध सामाजिक, आर्थिक, भौतिक, शैक्षिक र वातावरणीय पक्षहरूलाई समेट्ने प्रयास गरेको छ। यसले गंगादेव गाउँपालिकाको पहिचान र प्रतिष्ठालाई अझ मजबुत बनाउने विश्वास लिइएको छु।"

वित्तीय संघीयताको मर्म अनुरूप विभिन्न सरकारी तह तथा सम्बन्धित निकायहरूबाट प्राप्त अनुदान र राजस्वलाई प्राथमिकताका आधारमा छुट्याई, बजेटका उद्देश्यहरू प्राप्त गर्न सक्ने कार्यक्रमहरूमा लगानी केन्द्रित गरिएको छ। यस किसिमको लगानीले कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि, शैक्षिक क्षेत्रको समग्र प्रगति, दिगो भौतिक पूर्वाधारको विकास तथा रोजगारी र स्वरोजगारको अवसर सृजना गर्दै गाउँपालिकाको समावेशी र सन्तुलित विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु।

गाउँपालिकाको लागि संघीय सरकार र प्रदेश सरकारबाट वित्तिय हस्तान्तरण मार्फत प्राप्त बजेटमा आन्तरिक राजश्व संकलनबाट प्राप्त रकम समेतलाई जोडी आएको कुल बजेटको सीमाभित्र रही संघीय सरकार प्रदेश सरकारको मार्गदर्शन र गाउँपालिकाको भूगोल, जनसंख्या र स्थानीय आवश्यकताको आधारमा चालु आर्थिक वर्षमा सञ्चालन भएका र आगामी आर्थिक वर्षका लागि प्रस्ताव गरिएका कार्यक्रमहरु सहभागितामूलक योजना तर्जुमाका विभिन्न चरणहरु पार गर्दै स्वीकृतिका लागि गाउँसभामा पेश गरिने संवैधानिक व्यवस्थालाई आत्मसात गर्दै म चालु आर्थिक वर्षको यथार्थ आय व्यय र आगामी आर्थिक वर्षको प्रस्तावित कार्यक्रमहरु यस गरिमामय गाउँसभामा पेश गर्दछु ।

सभाध्यक्ष महोदय,

आगामी आ.व. २०८३/०८४ को बजेट देहायका उद्देश्य प्राप्तिमा केन्द्रित रहनेछ । "समृद्ध गंगादेवः सम्मानीत गंगादेवबासी" भन्ने लक्ष्य हासिल गर्नको लागि वलियो आधार तय गर्नु यस बजेटको मूल उद्देश्य रहनेछ भने अन्य उद्देश्यहरु देहाय अनुसार रहेका छन्।

१. कृषि, पशुपालन र पर्यटन क्षेत्रको समुचित प्रवर्द्धन, विविधिकरण र व्यवसायीकरण गरी स्थानीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै ग्रामीण अर्थतन्त्र सुदृढ गर्ने,
२. आधारभूत सेवा प्रवाहको सुदृढीकरण गर्दै शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, सामाजिक सुरक्षा, सूचना प्रविधि लगायतका सेवाहरूलाई सर्वसुलभ, गुणस्तरीय र जनउत्तरदायी बनाउने,
३. आर्थिक रूपान्तरणलाई आधार बनाएर लघु उद्यम, साना उद्योग र नवप्रवर्तनशील गतिविधिहरू मार्फत स्वरोजगार तथा उद्यमशीलता विकास गर्ने,
४. समाजका विपन्न, सीमान्तकृत, असहाय, अपाङ्गता भएका तथा उत्पीडित वर्गहरूको सशक्तीकरण गर्दै सामाजिक न्याय, लैङ्गिक समानता र समावेशी सहभागिता सुनिश्चित गर्ने,

५. वातावरणमैत्री तथा स्तरीय पूर्वाधार विकास गरी दीगो विकासको नीति अवलम्बन गर्ने,

६. सेवा प्रवाहलाई जनमुखी, प्रभावकारी र सर्वसुलभ बनाई सुशासन कायम गर्ने,

७. संघीयताको आत्मा अनुसार बहुपक्षीय सहकार्य, स्रोत परिचालन र समन्वयमा आधारित कार्यसंस्कृतिलाई प्रवर्द्धन गर्दै "**समृद्ध गंगादेव: सम्मानित गंगादेवबासी**" को परिकल्पना साकार पार्ने,

**बजेटका उद्देश्यहरु हासिल गर्न बजेटका प्राथमिकताहरु निम्नानुसार तय गरेको छु ।**

१. कृषि तथा पशु विकास सम्बन्धी कार्यक्रममार्फत स्थानीय आयआर्जनमा अभिवृद्धि गर्ने।

२. प्रभावकारी सार्वजनिक सेवा प्रवाह र उत्तरदायी सुशासनलाई प्रवर्द्धन गर्ने।

३. आन्तरिक स्रोतको पहिचान, राजस्व वृद्धि तथा वित्तीय आत्मनिर्भरता हासिल गर्ने।

४. शिक्षा र स्वास्थ्य क्षेत्रलाई गुणस्तरीय, समावेशी र सबैका लागि पहुँचयोग्य बनाउने।

५. स्थानीय पर्यटन क्षेत्रको पहिचान, संरक्षण, प्रवर्द्धन तथा पुनरुत्थान गर्ने।

६. उद्यमशीलता विकास, रोजगारी सिर्जना, जनताको जीवनस्तर वृद्धि तथा गरिबी न्यूनीकरणमा योगदान दिने।

७. सामाजिक सुरक्षा, लैङ्गिक समानता, समावेशीकरण र सीमान्तकृत वर्गको सशक्तीकरण सुनिश्चित गर्ने।

८. वातावरण संरक्षण, विपद् न्यूनीकरण तथा दिगो विकासमा प्राथमिकता दिने।

९. डिजिटल सेवा, सूचना प्रविधिको प्रभावकारी प्रयोग र दक्ष जनशक्ति विकास गर्ने।

सभाध्यक्ष महोदय,

अब म यहाँहरु समक्ष चालु आ.व. २०८२/०८३ मा प्रस्ताव गरिएको बजेटको हाल सम्मको कार्यक्रम कार्यन्वयनको समिक्षा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

- चालु आ.व. २०८२/०८३ को कुल बजेट रु ४६ करोड ५८ लाख ९६ हजार अनुमान गरिएकोमा, हालसम्मको वित्तीय प्रगति हेर्दा चालुतर्फ ५९.९९ प्रतिशत र पूँजीगततर्फ मात्र २५ दशमलब ९८ प्रतिशत खर्च भई समष्टिगत रूपमा ५० दशमलव ७३ प्रतिशतको वित्तीय प्रगति भएको छ । पूँजीगत खर्चको स्तर अत्यन्त न्यून हुनु चिन्ताजनक विषय हो। विकास निर्माणका योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु, ठेक्का प्रक्रियामा ढिलासुस्ती, प्रशासनिक जटिलता र स्रोत व्यवस्थापनमा आएको बाधाले पूँजीगत खर्चमा अपेक्षित प्रगति

हासिल हुन सकेको छैन । आगामी आ.व.मा यस्ता कमजोरीहरू माथि समयमै सुधार गर्दै पूँजीगत खर्च बढाउनेतर्फ विशेष ध्यान पुऱ्याउनु पर्दछ।

- चालु आर्थिक वर्षको असार पहिलो हप्ता सम्म संघिय सरकार अन्तर वित्तिय हस्तान्तरण अन्तर्गत समानिकरण अनुदान तर्फ ८ करोड ७३ लाख अनुमान गरेकोमा रु ७ करोड ९८ लाख ३६ हजार अर्थात ९१.४५ प्रतिशत मात्र प्राप्त भएको छ ।
- राजश्व बाँडफाडबाट प्राप्त राजस्व अन्तर्गत संघिय सरकारबाट रु ९ करोड ११ लाख ९६ हजार अनुमान गरिएकोमा ७ करोड ५९ लाख ९६ हजार अर्थात ७९ दहमलव ९९ प्रतिशत प्राप्त भएको छ भने प्राप्त हुन बाँकी रु १ करोड ३३ लाख ४५ हजार ९ सय १८ अर्थात १४ दशमलव ६३ प्रतिशत रहेको छ ।

सभाध्यक्ष महोदय

त्यस्तै

- चालु आर्थिक वर्षको असार पहिलो हप्ता सम्म लुम्बिनी प्रदेश सरकार अन्तर वित्तिय हस्तान्तरण अन्तर्गत समानिकरण अनुदान तर्फ ५६ लाख ९८ हजार अनुमान गरेकोमा रु ५६ लाख ९८ हजार अर्थात शतप्रतिशत रकम प्राप्त भएको छ ।
- प्रदेश सरकार सशर्त अनुदान तर्फ ७० लाख अनुमान रहेकोमा ७० लाख ५० अर्थात शत प्रतिशत प्राप्त भएको छ ।
- लुम्बिनी प्रदेश सरकार समपुरक अनुदान तर्फ ७५ लाख अनुमान गरिएकोमा अर्थात शत प्रतिशत प्राप्त भएको छ ।
- प्रदेश सरकारबाट राजस्व बाडफाडबाट रु ३८ लाख अनुमान गरिएकोमा २९ लाख ३५ हजार ७ सय १९ दशमलब ३७ अर्थात ७७ दहमलव २५ प्रतिशत बढी प्राप्त भएको छ ।
- चालु आ.व. मा यस गंगादेव गाउँपालिकाको आन्तरिक तर्फ कुल प्रस्तावित आय रु ३० लाख ५० हजार अनुमान गरिएकोमा हाल सम्म ३७ लाख २१ हजार ७ सय ३७ प्राप्त भएको छ, प्राप्त भएको २२ दशमलव ०३% अनुमान गरिएकोमा रु ६ लाख ७१ हजार ७ सय ३७ रुपैमा १० पैसा रहेको छ ।

सभाध्यक्ष महोदय

सभाका सदस्य ज्यू

अब म गंगादेव गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आय विवरण प्रस्तुत गर्दछु।

- गंगादेव गाउँपालिकालाई संघिय सरकार मार्फत वितिय समानीकरण बाट रु ८ करोड ९२ लाख, सशर्त अनुदान बाट रु २१ करोड ९६ लाख, विशेष अनुदानबाट रु १ करोड, समपुरक अनुदान बाट रु ८९ लाख र राजस्व बाडफाडबाट रु ९ करोड ४६ लाख २७ हजार प्राप्त हुने अनुमान गरिएको छ ।
- प्रदेश सरकार मार्फत समानीकरण अनुदान रु ५८ लाख १ हजार, सशर्त अनुदान बाट रु ७० लाख, विशेष अनुदानबाट रु २२ लाख, समपुरक अनुदान बाट रु ७५ लाख र राजस्व बाडफाडबाट रु ९४ लाख ९६ हजार प्राप्त हुने अनुमान गरिएको छ । आगामी आ.व. मा आन्तरिक आय(आन्तरिक राजस्व र बैंक मौज्दात) १ करोड ८८ लाख ९८ हजार गरि आगामी आ.व. २०८३/०८४ को कुल बजेट रु. ४७ करोड ३२ लाख २२ हजार हुने अनुमान गरिएको छ।
- आगामी आर्थिक वर्षमा यस गाउँपालिकाको चालु खर्च तर्फ रु. ३४ करोड १९ लाख ३१ हजार खर्च अनुमान गरेको छु । जसमा संघीय सरकार सशर्त अनुदान चालु, संघ तथा प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड अनुदान समाबेश गरेको छु। त्यसैगरी पूँजिगत खर्च तर्फ रु. १३ करोड १२ लाख ९१ हजार खर्च अनुमान गरेको छु। जसमा संघ तथा प्रदेश सरकार समानीकरण अनुदान, विशेष अनुदान, समपुरक अनुदान र गाउँपालिकाको आन्तरिक आय हिस्सा समावेश गरेको छु। यसरी आगामी आ.ब. २०८३/०८४ का लागि कुल जम्मा रु. ४७ करोड ३२ लाख २२ हजार खर्चको प्रक्षेपण गरेको व्यहोरा यस गरीमामय सभालाई जानकारी गराउन चाहन्छु।यस बजेट सम्बन्धि विस्तृत विवरण अनुसूचि-१ मा राखिएको छ ।

सभाध्यक्ष महोदय,

सभाका सदस्य ज्यू

अब म आ.व. २०८३/०८४ को लागि विनियोजन बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

गंगादेव गाउँपालिका रोल्पा

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह साथै अन्य साझेदार निकाय संग साझेदारी आयोजना तथा कार्याक्रम तर्फ गंगा मावि १२ कोठे भवन निर्माण गर्न रु. ३० लाख, सुखाओडार, जायचौर, ताप्ला, रातामाटा मोटरबाटो निर्माण गर्न रु. १० लाख, गुरुयोजनाका आधारमा साझेदारिमा विद्यालय भवन निर्माण गर्न रु.१५ लाख, अपाङ्गता रोकथाम तथा पुनःस्थापना सहकार्य कार्यक्रम संचालन गर्न रु. १९ लाख ८ हजार , उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सिप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनः एकीकरण सम्बन्धी क्रियाकलाप गर्न रु. १५ लाख, छरेपनि र राँक खोला झोलुङ्गे पुल निर्माण गर्न रु. ५ लाख र जायाचौर मोटरेबल पुल निर्माण तथा मोड सुधार योजना रकम रु. ५० लाख गरी कुल रकम रु. १ करोड ४४ लाख ८ हजार विनियोजन गरेको छु ।

**गाउँपालिका अन्तर्गत**

- गंगादेव गाउँपालिकाको दैनिक कार्य सञ्चालन तथा अन्य प्रशासनिक कार्य, पदाधिकारी तथा कर्मचारीहरुको तलब/भत्ता तथा अन्य सेवा सुविधा लगायतका चालु खर्चमा रु. १० करोड ६८ लाख विनियोजन गरेको छु ।
- संघ तथा प्रदेश सरकारबाट पूर्बाधार बिकास, शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, महिला बिकास, पोषण, उर्जा, बाताबरण, श्रम तथा रोजगारी, यूवा तथा खेलकुदका लागि तय भई आएका सशर्त अनुदान तथा बिशेष अनुदान रकम सोही रुपमा खर्च गर्ने गरी आवश्यक बजेट बिनियोजन गरेको छु।
- गंगादेव गाउँपालिकाका वडा नं २ को अधुरो वडा कार्यालय भवन निर्माणको लागि ७० लाख बजेट विनियोजन गरेको छु ।
- गाउँपालिका अन्तर्गतका सबै बाटोहरु सफाई कार्य संचालन गर्नको लागि रु ६० लाख बजेट विनियोजन गरेको छु ।

**वडा बाट कार्यान्वयन हुने योजनाहरु**

प्रत्येक वडालाई जनसंख्या र भूगोलको आधारमा न्यूनतम २० लाख र अधिकतम रु २३ लाख बजेट निर्धारण गरी आयोजना तथा कार्यक्रम संचालन गर्न ७ वटै वडामा कुल रकम रु. १ करोड ५२ लाख वजेट विनियोजन गरेको छु।

सभाध्यक्ष महोदय,

अब म क्षेत्रगत रुपमा तय गरिएका कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकास**

१. कृषि तथा फलफूल खेतीको यान्त्रिकीकरण,व्यवसायीक र औद्योगिकीकरणका माध्यमबाट उत्पादन र उत्पादकत्वमा वृद्धि गरी निर्यातमा वृद्धि गर्न, कृषि अनुदान तथा कृषि पेशालाई थप प्रभावकारी तथा प्रतिस्पर्धि बनाउन रु १५ लाख विनियोजन गरेको छु।

२. पशुपंक्षी पालनलाई व्यावसायिक बनाउँदै स्थानीय कृषकहरूको आयआर्जनमा अभिवृद्धि गर्न पशुपंक्षी पालनसम्बन्धी तालिम, पशु उपचार सेवा तथा औषधि खरिद लगायतका कार्यक्रम सञ्चालन गर्नका लागि रु १५ लाख बजेट विनियोजन गरेको छु ।

३. सहकारी मार्फत ऋण प्राप्ति प्रक्रिया, बैकिङ सेवाहरू र बचत योजनाको जानकारी प्रदान गर्न वित्तीय सहायता र सचेतना सहितको सहकारी शिक्षा कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

४. समग्रमा आर्थिक विकास तर्फका योजना तथा कार्यक्रम कार्यान्वयन गर्न रु ३८ लाख विनियोजन गरेको छु ।

**सामाजिक विकास**

५. शिक्षा क्षेत्रमा आमूल परिवर्तन ल्याउँदै यसलाई सुदृढ, दीगो, समावेशी र सर्वसुलभ बनाउने उद्देश्यले नीति निर्माण, संरचनागत सुधार तथा आवश्यक जनशक्ति व्यवस्थापनका साथै शिक्षकहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नका लागि आर्थिक वर्ष २०८३/०८४ मा कुल रू. ४ करोड ०२ लाख ११ रकम विनियोजन गरेको छु।

६. शैक्षिक क्षेत्रमा सुधार ल्याउन, शिक्षाको गुणस्तर अभिवृद्धि गर्न तथा शिक्षक एवं कर्मचारीहरूको मनोबल बढाई आफ्नो पेसाप्रति उत्प्रेरित गराउन विशेष पहल गरिएको छ। यसै क्रममा, एकमुष्ठ अनुदानमा कार्यरत बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरूले स्थानीय तहबाट खाइपाई आएको क्रमशः रु. १२ हजार र रु. ११ हजार ५ सयको पारिश्रमिकमा वृद्धि गरी क्रमशः रु. १६ हजार र रु. १५ हजार पुर्‍याएको छु। गाउँपालिका अनुदान शिक्षक बालबिकास सहजकर्ता, विद्यालय सहायक कर्मचारी र विद्यालय सहयोगीहरुले स्थानीय तहबाट खाईपाई आएको तलबमानमा २०८३ साउन १ गते देखि लागु हुनेगरी समान रुपमा १ हजार २०० रुपैयाका दरले तलब वृद्धि गरेको छु।

७. आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्दै स्वास्थ्यलाई सामाजिक न्याय र मानव विकासको प्रमुख आधारका रूपमा विकास गर्न गाउँपालिकाले स्वास्थ्य क्षेत्रको समग्र स्थिति सुधार गर्न रु १२ लाख बजेट विनियोजन गरेको छु। यस बजेटबाट आधारभूत स्वास्थ्य सेवा प्रवाह, स्वास्थ्य संस्थाको क्षमता सुदृढीकरण, आवश्यक उपकरण तथा औषधि आपूर्ति, सचेतनामूलक कार्यक्रम तथा सेवाग्राहीमैत्री सेवा प्रवाहमा टेवा पुग्ने अपेक्षा गरिएको छु।

८. गाउँपालिकामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला, दलित, आदिवासी जनजाति तथा पछाडि पारिएका वर्ग तथा समुदायको अधिकारको प्रत्याभूति, सामाजिक न्यायको प्रवर्द्धन र आर्थिक तथा सामाजिक सशक्तीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गर्न रू. २२ लाख बजेट विनियोजन गरेको छु।

९. गंगादेव गाउँपालिकाको स्थानीय अर्थतन्त्र सुदृढ गर्दै उद्यमशीलताको विकास, जनस्वास्थ्य सुधारका लागि पोषणसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्न,व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सेवाहरू प्रभावकारी बनाउन, उद्योग विकास गर्न कुल ३९ लाख बजेट विनियोजन गरेको छु।

**खानेपानी, सडक तथा पुर्वाधार विकास**

१०.खानेपानी तथा सरसफाई र सिंचाईका आयोजना संचालनको लागि १ करोड ९१ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

११.स्वीकृत गुरु योजनाका आधारमा साझेदारी विद्यालय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत गंगादेव गाउँपालिका वडा नं. ३ मा रहेको विरेन्द्र माध्यामिक विद्यालयमा विद्यालय भवन निर्माणको लागि कुल ७५ लाख बजेट विनियोजन गरेको छु।

१२.संघिय सरकारको समपुरक अनुदान मार्फत गंगा मा.वि. १२ कोठे भवन निर्माण योजनाको लागि ६६ लाख प्राप्त भएको छ सो योजना निर्माण गर्न पालिकाको ३० लाख गरी कुल ९६ लाख बजेट विनियोजन गरेको छु ।

१३.गाउँपालिकावासीलाई गुणस्तरीय, सहज र सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यका साथ ५ शैया आधारभूत अस्पताल भवन निर्माण कार्यलाई प्राथमिकतामा राखी उक्त आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि रु. २ करोड विनियोजन गरेको छु।

१४.गाउँपालिकाभित्र सुरक्षित, सहज र वर्षैंभरि सञ्चालनयोग्य सडक सञ्जालको विकास तथा यातायात पहुँच विस्तार गर्ने उद्देश्यले मोटरबाटो निर्माण तथा स्तरोन्नति कार्यलाई निरन्तरता दिँदै उक्त कार्यक्रमका लागि रु. १ करोड ७५ लाख ६० हजार विनियोजन गरेको छु।

**वन वातावरण तथा विपद् व्यवस्थापन**

१५.विपद्पछि पुनःस्थापना र पुनर्निर्माण तथा तत्काल राहतको लागि विपद व्यवस्थापन कोषमा रकम रु. १० लाख र वन वातावरण तथा विपद व्यवस्थापन गर्न रकम रु. ५ लाख गरी जम्मा रकम रु. १५ लाख विनियोजन गरेको छु।

**संस्थागत विकास**

१६.न्यायिक समिति र मातहतका मेलमिलाप, कर्ताहरुको क्षमता अभिवृद्धि गर्दै न्याय सम्पादनको कार्यलाइ प्रभावकारी बनाउन रु ३ लाख बजेट विनियोजन गरेको छु।

१७.गाउँपालिकाभित्र सार्वजनिक सेवा प्रवाहलाई डिजिटल, पारदर्शी र प्रभावकारी बनाउने उद्देश्यले सूचना तथा सञ्चार प्रविधिको प्रयोग सुदृढ गर्न, इन्टरनेट पहुँच विस्तार, डिजिटल सूचना अद्यावधिक, ई-गभर्नेन्स प्रणाली प्रवर्द्धन गर्न स्थानीय सञ्चार क्षेत्रको सदृढिकरण, सफ्टवयर, सूचना प्रविधी सम्बन्धि सामाग्री खरिद तथा संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१८.विकास निर्माण कार्यलाई पारदर्शी र व्यवस्थित बनाउन तथा उपभोक्ता समितिहरुलाई थप जिम्मेवार बनाउन क्षमता विकासका कार्यक्रम सञ्चालनका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

१९. स्वैच्छिक कर सहभागिता अभिवृद्धि गरी राजस्वको आधार बढाउन करदाता शिक्षा एवं जागरण कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२०. सुशासन तथा संस्थागत विकासका लागि रु ४ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

संघीयता कार्यान्वयन पश्चात् स्थानीय सरकारको भूमिका अझ गहन हुँदै गएको छ । असिमित आवश्यकता तथा चाहनाहरुका बीचमा पनि योजना तथा बजेटको सान्दर्भिकता र औचित्यतताका आधारमा सीमित स्रोत साधनको विवेक संगत उपयोगका माध्यमबाट विकासको प्रक्रियालाई डोर्‍याउनु पर्ने चुनौतिका बाबजुद पनि सहकार्य, समन्वय तथा साझेदारीका माध्यमबाट यस गंगादेव गाउँपालिकाले स्थानीय शासन तथा सेवा प्रवाहलाई सरल, सहज र पहुँचयोग्य बनाई **समृद्ध गंगादेव सम्मानीत गंगादेवबासी**को रुपमा विकास गर्ने मुख्य सोच राखेको छ।यस सोचलाई साकार पार्नका लागि सम्पूर्ण गाउँपालिकाबासी, गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरु, विकास साझेदारहरु, सरकारी, गैर-सरकारी तथा सामुदायिक संघसंस्थाहरु प्रति हार्दिक अपिल गर्दछु । यस बजेटको सफल कार्यान्वयनकका लागि सबै पक्षहरुको साथ र सहयोगको समेत अपेक्षा गरेको छु ।

अन्त्यमा वजेट निर्माण कार्यमा मार्ग निर्देश गर्नुहुने श्रद्धेय अध्यक्षज्यू, सभा सदस्य ज्यूहरु, सभा सचिव ज्यू लगायत बजेट निर्माण कार्यमा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।
धन्यवाद ।

अमृता कुमारी केसी
उपाध्यक्ष
गंगादेव गाउँपालिका रोल्पा
मितिः २०८३ असार १० गते

गंगादेव गाउँपालिका रोल्पा

# अनुसूची-१

## आ.व. २०८३/०८४ मा नेपाल सरकार प्रदेश सरकारबाट प्राप्त र आन्तरिक आयको अनुमानित स्रोत विवरण तथा स्थानीय तहको सिमा

| स्रोत शिर्षक | आ.व.२०८३/०८४ को वास्तविक आय | |
|---|---|---|
| **संघीय सरकार** | **रकम रु.** | **अक्षरमा** |
| समानिकरण अनुदान | ८,९२,००,००० | आठ करोड बयानब्बे लाख |
| शशर्त अनुदान | २१,९६,००,००० | एक्काइस करोड छयानब्बे लाख |
| समपुरक अनुदान | ८९,००,००० | उनानब्बे लाख |
| विषेश अनुदान | १,००,००,००० | एक करोड |
| राजश्व बाँडफाड | ९,४६,२७,००० | नौ करोड छ्यालिस लाख सत्ताइस हजार |
| **प्रदेश सरकार** | | |
| समानिकरण अनुदान | ५८,०१,००० | अन्ठाउन्न लाख एक हजार |
| शशर्त अनुदान | ७०,००,००० | सत्तरी लाख |
| समपुरक अनुदान | ७५,००,००० | पचहत्तर लाख |
| विषेश अनुदान | २२,००,००० | बाइस लाख |
| राजश्व बाँडफाँड | ९४,९६,००० | चौरानब्बे लाख छयानब्बे हजार |
| आन्तरिक आय(बैक मौजुदा र आन्तरिक राजस्व) | १,८८,९८,००० | एक करोड अठ्ठासी लाख अन्ठानब्बे हजार |
| **जम्मा** | ४७,३२,२२,००० | **सठ्चालिस करोड बत्तिस लाख बाईस हजार** |

## आर्थिक वर्ष २०८३/०८४ मा संघ र प्रदेशबाट छनौट भएका तथा गाउँपालिका तर्फबाट विनियोजन भएका योजनाहरु

| | | | | |
|---|---|---|---|---|
| **समपुरक अनुदान संघीय सरकार अन्तर्गतका योजना** | | | | |
| **क्र.सं.** | **योजना/कार्यक्रम** | **रकम रु (हजारमा)** | **गा.पा. साझेदारी रु(हजारमा)** | **कुल बजेट रु(हजारमा)** |
| १ | गंगा मा.वि. १२ कोठे भवन निर्माण योजना | ६६६० | ३००० | ९६६० |
| २ | सुखाओडार जायचौर ताप्ला रातामाटा मोटरबाटो सतरउन्नती तथा निर्माण | २२४० | १००० | ३४४० |
| **समपुरक अनुदान प्रदेश सरकार अन्तर्गतका योजनाहरु** | | | | |
| **क्र.सं.** | **योजना** | **प्रदेश अनुदान रु (हजारमा)** | **गा.पा. योगदान रु (हजारमा)** | **कुल बजेट रु(हजारमा)** |
| १ | जायचौर मोटरेबल पुल निर्माण तथा मोड सुधार योजना गंगादेव ७ | ७५०० | ५००० | १२५०० |
| **विशेष अनुदान संघीय सरकार अन्तर्गतका योजनाहरु** | | | | |
| **क्र.सं.** | **योजना** | **रकम रु (हजारमा)** | | **रकम रु(हजारमा)** |
| १ | मुलखोला घारिचौर कृषि क्षेत्र लिफ्टिङ सिंचाई निर्माण योजना | १०००० | | १०००० |
| **विशेष अनुदान प्रदेश सरकार अन्तर्गतका योजनाहरु** | | | | |
| **क्र.सं.** | **योजना** | **रकम रु (हजारमा)** | | |
| **१** | चुलडाँसे सुपाटोट्के लिफ्ट खानेपानी निर्माण योजना वडा नं ४ | २२०० | | |
| **संघिय सरकार शशर्त अनुदान अन्तर्गतका योजनाहरु** | | | | |
| **क्र.सं.** | **योजना** | **संघिय सरकारबाट रु (हजारमा)** | **स्थानीय सरकारबाट रु (हजारमा)** | **जम्मा रकम रु (हजारमा)** |
| १ | ५ शैया आधारभुत अस्पताल भवन निर्माण | २०००० | | २०००० |
| २ | छेरपनी र राँक खोला झोलुङ्गे पुल | १५०० | ५०० | २००० |

| | | | | |
|---|---|---|---|---|
| ३ | निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारी विद्यालयको भौतिक निर्माण विरेन्द्र माध्यामिक विद्यालय गंगादेव ३ नाउली | ६००० | १५०० | ७५०० |

**प्रदेश सरकार शशर्त अनुदान अन्तर्गतका योजनाहरु (हस्तान्तरण रु ७०००)**

| क्र.सं. | योजना | विनियोजन रकम रु (हजारमा) |
|---|---|---|
| १ | अमरसत्य आधारभूत विद्यालय झुलाउने टाकुरा गंगादेव ६ रोल्पा शौचालय निर्माण | ५०० |
| २ | आरखोला क्लव भवन देखी ठुलाघर बिसाउन हिलेडाडा कृषि सडक योजना | ८०० |
| ३ | ग्रामीण शान्ति प्रवर्धन नेपाल गंगादेव २ पौरानीक मेला संरक्षणकोलागि सुकिदह धार्मिक पर्यटन पूर्वाधार विकास रोल्पा | ५०० |
| ४ | झाँक्रीसल्ला जहेले हुदै नाउली मोटरबाटो जहेलेको घुम्ती वाल निर्माण गंगादेव ३ रोलपा | ११०० |
| ५ | डारैगाप्ली गोरेछहराको पोखरी दुर्घटना सुरक्षाको लागि संरचना निर्माण गंगादेव २ रमाई रोल्पा | ५०० |
| ६ | पानीखोला देखी झाँक्रीपुले पलानचौर ग्रामिण गोरेटो बाटो पिसिसि निर्माण योजना गंगादेव १ रोल्पा | ५०० |
| ७ | बिरेन्द्र माध्यमिक विद्यालय नाउली खानेपानी व्यवस्थापन गंगादेव ३ रोल्पा | ५०० |
| ८ | राँकडाडा खानेपानी योजना निर्माण गंगादेव ७ रोल्पा | ५०० |
| ९ | रातामाटा उदिनढुङ्गा ढोलढुङ्गा लिफ्ट खानेपानी योजना मर्मत सुधार गंगादेव ५ रोल्पा | ५०० |
| १० | सिद्ध आधारभुत विद्यालय बसोरचौर शौचालय निर्माण गंगादेव ४ रोल्पा | ६०० |

**गाउँपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरु**

| क्र.सं. | योजना तथा कार्यक्रम | विनियोजन रकम रु (हजारमा) |
|---|---|---|
| १. | वडा नं. २ कार्यालयको अधुरो भवन निर्माण | ७००० |
| २. | गा.पा अनुदान करार शिक्षकको तलब | ३८५२६.४ |
| ३. | अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम | १४०८ |
| ४. | अपाङ्ग अस्पातल सँग सहकार्य सि.वि.आर. कार्यक्रम संचालन | ५०० |
| ५. | लोदचौर मोटरेबल पुल निर्माण गंगादेव ५ | २५०० |
| ६. | बस्नेउटा मोटरेबल पुल निर्माण गंगादेव ५ | २५०० |
| ७. | पोषण सुधारको लागि **“उपाध्यक्ष पोषण कोशेली”** कार्यक्रम संचालन | १००० |

| | | |
|---|---|---|
| ८. | मेलडारी छरेपानी गोटिखोला मो.बा. निर्माण गंगादेव १ रोल्पा | ८०० |
| ९. | सुखाओडार खोला मोटरेबल पूलको दाँया बाँया वाल निर्माण तथा व्याक फिलिङ | ३०० |
| १०. | बडाढुङ्गा खानेपानी टयाङ्की मर्मत तथा अपुग धारा निर्माण गंगादेव ३ रोल्पा | १५० |
| ११. | लोक कल्यान प्राथमिक विद्यालयको खेलमैदान निर्माण तथा मर्मत गंगादेव ३ रोल्पा | १०० |
| १२. | गरमङ्याम खोला मुहान देखि आधारभूत स्वास्थ्य केन्द्र लोदचौर खानेपानी निर्माण तथा मर्मत गंगादेव ५ रोल्पा | १०० |
| १३. | समाजसुधार आमा समुह देवलटाकुराको भवन निर्माण गंगादेव ६ रोल्पा | १०० |
| १४. | दबसे आटीघर ढोरेनी मो.बा. मर्मत तथा निर्माण गंगादेव ३ रोल्पा | २५० |
| १५. | गरेन दयाले छेरा जोड्ने मोटरबाटो निर्माण गंगादेव ४ रोल्पा | ५०० |
| १६. | गणेश आ.वि. बडाढुङ्गा शौचालय निर्माण गंगादेव ३ रोल्पा | २०० |
| १७. | बालकल्याण प्रा.वि हिलेचौर विद्यालय भवन मर्मत गंगादेव ३ रोल्पा | १०० |
| १८. | साउनेपानी देखि खत्री टोल खानेपानी निर्माण तथा मर्मत गंगादेव ६ रोल्पा | ७०० |
| १९. | मनिमारे बाफुखोले मन्दिर पारेचौर मो.बा. ग्राबेल तथा नाला निर्माण गंगादेव ३ रोल्पा | ५०० |
| २०. | माछेछरी स्यानढुङ्गा खानेपानी पाईप खरिद तथा निर्माण गंगादेव ३ | २०० |
| २१. | जनप्रेम आ.वि सल्लिचौर खा.पा. निर्माण तथा फर्निचर खरिद गंगादेव ६ रोल्पा | २५० |
| २२. | गुनटाकुरी उत्तिसेनी खा.पा. निर्माण तथा मोटर खरिद गंगादेव ३ रोल्पा | ५०० |
| २३. | सेरङखोला हेलङखोला खानेपानी टयाङ्की निर्माण गंगादेव २ रोल्पा | १५० |
| २४. | ठारुला चिनारा स्याला फूलबारी मोटरबाटो निर्माण तथा स्तरोनती गंगादेव ५ रोल्पा | २५० |
| २५. | मुलखोला रातामाटा मोटरबाटो निर्माण गंगादेव ६ रोल्पा | २०० |
| २६. | नवजिवन आमा समुह डाडाँखुट्टीको भवन निर्माण गंगादेव ३ | १०० |
| २७. | सिद्धेश्वरी प्रा.वि. भवन मर्मत तथा निर्माण गंगादेव ७ रोल्पा | ८०० |
| २८. | ब्रमशिद्ध प्रा.वि भवन निर्माण तथा व्यवस्थापन गंगादेव ७ रोल्पा | ५०० |
| २९. | मट्टीखन्ने हिलेखोला, जुठोखाने हिलेचौर स्कुल मो.बा. निर्माण योजना गंगादेव ३ रोल्पा | ४०० |
| ३०. | ताप्ला तट्बन्धन तथा ग्याबिनवाल निर्माण | ३०० |
| ३१. | मुलखोला घोर्णेटी साउनेपानी खर्सुबास मो.बा. निर्माण गंगादेव १ रोल्पा | १८०० |
| ३२. | लोरीबिनी स्याउलीबजार मो.बा. निर्माण गंगादेव ३ रोल्पा | ४५० |
| ३३. | बजेर पङगहाले लिप्ट खानेपानी मोटर खरिद योजना गंगादेव ५ रोल्पा | ५०० |

| | | |
|---|---|---|
| ३४. | बडाढुङ्गा वलीगाउँ सार्वजनिक शौचालय निर्माण | १०० |
| ३५. | धरमपानी गौरामाथी गुईचेखोला मोटरबाटो स्तरोनती गंगादेव ४ रोल्पा | २००० |
| ३६. | डलसिङ्गे धारापानी लिप्ट खा.पा. मर्मत गंगादेव ४ रोल्पा | ४०० |
| ३७. | छारेगाउँ भित्ता मोटरबाटो निर्माण गंगादेव ४ रोल्पा | १६० |
| ३८. | डाँडामाथि ढिडबिटे खानेपानी निर्माण, मर्मत तथा पाईप खरिद गंगादेव ३ | १०० |
| ३९. | भगवती आभारभूत विद्यालय फर्निचर खरिद तथा विद्यालय भवन मर्मत गंगादेव ३ रोल्पा | १५० |
| ४०. | सिमगैरी बजेर आँटीघर हुँदै ढुङ्गागारे मोटर बाटो निर्माण गंगादेव ५ रोल्पा | ३०० |
| ४१. | जनता प्रा.वि उन्नेचौर क्यानटिन निर्माण गंगादेव ५ रोल्पा | ५०० |
| ४२. | बाबेचार धारा निर्माण तथा पाईप खरिद गंगादेव ४ रोल्पा | २०० |
| ४३. | शिद्ध आधारभूत विद्यालय बसारेचौर भवन मर्मत गंगादेव ४ रोल्पा | ४५० |
| ४४. | पातलापानी भित्ता खानेपानी मर्मत तथा निर्माण गंगादेव ४ रोल्पा | १५० |
| ४५. | जनता विकास मा.वि. फर्निचर निर्माण गंगादेव ४ रोल्पा | २०० |
| ४६. | जायखोला ओईलाम मोटरबाटो निर्माण गंगादेव ७ रोल्पा | १००० |
| ४७. | बाटुलचौर ओखरबोट पुल निर्माण गंगादेव ६ रोल्पा | १५० |
| ४८. | कृष्ण आ.वि. घरबिर ICT उपकरण खरिद गंगादेव २ रोल्पा | १५० |
| ४९. | मौरीघारे दोभान न्याउलीखोला मुहान चिप्ले कुईनेटा लोदचौर खानेपानी उपभोक्ता सरसफाई समिति गंगादेव ५ रोल्पा | २०० |
| ५०. | खानीखोला मेसनरी वाल निर्माण योजना गंगादेव ६ रोल्पा | ४०० |
| ५१. | इन्द्र सेवक प्रा.वि. फर्निचर निर्माण गंगादेव ४ रोल्पा | १०० |
| ५२. | स्वास्थ्य चौकी, विखोला, उपल्लो ताप्ला मोटरबाटो निर्माण गंगादेव ७ रोल्पा | ५०० |
| ५३. | कोप्चीखोला मसानघाट निर्माण गंगादेव ४ रोल्पा | ४०० |
| ५४. | गरपा खानेपानी ट्याङ्की मर्मत गंगादेव ६ रोल्पा | १०० |
| ५५. | चौरीला मुहान अपुग खानेपानी गंगादेव ६ रोल्पा | १०० |
| ५६. | मुर्चुला खानीखोला मोटरबाटो निर्माण गंगादेव ४ रोल्पा | ३०० |
| ५७. | पाल्लोचौर भगवती मन्दिर निर्माण गंगादेव ७ रोल्पा | २०० |
| ५८. | श्री शुद्ध प्राथामिक विद्यालय ग्याबिन जालि तथा वाल निर्माण गंगादेव ४ रोल्पा | १५० |
| ५९. | न्याउलेखा खानेपानी निर्माण तथा मर्मत गंगादेव ६ रोल्पा | १०० |
| ६०. | वडा नं. ४ को कार्यालयमा खानेपानी निर्माण | १०० |
| ६१. | सिद्ध आ.वि फिल्ड निर्माण तथा घेरबार | १५० |
| ६२. | स्वास्थ्य बजुबन्ने पोखी अमरसत्य प्रा.वि. हुँदै पोखरा सम्म मो.बा. निर्माण गंगादेव ६ रोल्पा | १००० |

| | | |
|---|---|---|
| ६३. | सिस्नेचार खा.पा. निर्माण गंगादेव ४ रोल्पा | १०० |
| ६४. | उदिनढुङ्गा मोटरबाटो निर्माण गंगादेव ५ रोल्पा | ५०० |
| ६५. | धाकलरी खानेपानी निर्माण गंगादेव ६ रोल्पा | ४०० |
| ६६. | राष्ट्रिय प्रसंशा मण्डलीको भवन निर्माण गंगादेव ३ ढिटपिटे रोल्पा | ३०० |
| ६७. | वडा नं. २ रहमाई मष्टा कुलको मन्दिर निर्माण | १५० |
| ६८. | खानीछेरा उपल्लो लामाछेरा मो.बा. निर्माण गंगादेव ६ रोल्पा | ३०० |
| **वडा १ अन्तर्गतका आयोजना तथा कार्यक्रमहरु (जम्मा रु २०००)** | | |
| **क्र.सं.** | **योजना तथा कार्यक्रम** | **विनियोजन रकम रु (हजारमा)** |
| १. | राक्सेओढार,भालडारे, पानीखोला मोबा निर्माण | २०० |
| २. | चौर मोटरबाटो निर्माण | २०० |
| ३. | ओत मोटरबाटो सफाइ ग्राभेल तथा निर्माण | ६०० |
| ४. | साउनेपानी सिंचाइ ट्याङ्कि निर्माण | १०० |
| ५. | ओत खानेपानी व्यवस्थापन | ९०० |
| ६. | भरालेखोला स्ल्याप पुल निर्माण | १०० |
| **वडा २ अन्तर्गतका आयोजना तथा कार्यक्रमहरु (जम्मा रु २०००)** | | |
| **क्र.सं.** | **योजना तथा कार्यक्रम** | **विनियोजन रकम रु (हजारमा)** |
| १. | जायाछरा ओइलाम खा.पा. निर्माण तथा मर्मत | १५० |
| २. | ओइलाम कसेतरा धप्री काठे पुल निर्माण | १५० |
| ३. | कोप्चिदेखि गौराचौर मोटरबाटो मर्मत तथा निर्माण | १५० |
| ४. | हेल्ङखोला खा.पा. मर्मत तथा निर्माण | ५० |
| ५. | सानडाँडा सेरङखोला काठेपुल निर्माण | १५० |
| ६. | सिद्ध प्रा.वि.रमाइको पछाडी बाट मो.वा.निर्माण | १५० |
| ७. | २ नं. वडाका मो.वा. मर्मत सफाई तथा ग्राभेल | ६०० |
| ८. | पुर्छाखोला घरविर काठेपुल निर्माण | १५० |
| ९. | गंगा मा.वि.चौतारा खेलकुद कार्यक्रम | ५० |
| १०. | हेल्ङखोला बराह मन्दिर निर्माण | १५० |
| ११. | सुखाओडार दारेमोस्ट मन्दिर निर्माण | २०० |
| १२. | सानो बडामेला खा.पा.निर्माण तथा मर्मत | ५० |
| **वडा ३ अन्तर्गतका आयोजना तथा कार्यक्रमहरु (जम्मा रु २३००)** | | |
| **क्र.सं.** | **योजना तथा कार्यक्रम** | **विनियोजन रकम** |

| | | |
|---|---|---|
| | | रु (हजारमा) |
| १. | वडा नं. ३ भित्रका मो.बा. सरसफाई तथा स्तरोनती | ९०० |
| २. | ३ नं. वडा अध्यक्ष कप संचालन तथा खेलकुद कार्यक्रमको सामग्री खरिद | २०० |
| ३. | धाउखोली कर्लेगैरा खानेपानी पाईप खरिद | १०० |
| ४. | पिपलारुख खानेपानी पाईप खरिद तथा निर्माण | १०० |
| ५. | घरेलडाँडा जाङे खानीगैरा खानेपानी ड्याङ्की निर्माण | १५० |
| ६. | भालुमारे पुरानो खानेपानी टयाङ्की निर्माण | ५० |
| ७. | ठारसिम कालाभिर मोटरबाटो निर्माण | १०० |
| ८. | खर्काचौर गतेरी खा.पा. पाईप खरिद तथा निर्माण | २०० |
| ९. | खौलाछेर्न नाउला फलाटे मो.बा. स्तरोन्ती तथा निर्माण | १०० |
| १०. | व्यहारीकसिल परिवर्तन आमा समुह मन्दिर निर्माण कुकुरगारे | २०० |
| ११. | झ्याम मोडदेखि घारसिम बजाउने मुरा सम्मको मो.बा. निर्माण तथा स्तरोन्ती | ५० |
| १२. | ढुङ्गेपानी मोडदेखि ढुङ्गेपानी गाउँ सम्म मोटर बाटो निर्माण | ५० |
| १३. | बागेश्वरी मन्दिर जहेले घेरबार | ५० |
| १४. | गणेश आधारभूत विद्यालय बडाढुङ्गा फर्निचर खरिद | ५० |
| **वडा ४ अन्तर्गतका आयोजना तथा कार्यक्रमहरु (जम्मा रु २३००)** | | |
| **क्र.सं.** | **योजना तथा कार्यक्रम** | **विनियोजन रकम रु (हजारमा)** |
| १. | वडा नं. ४ भित्रका मो.बा. सरसफाई | १००० |
| २. | वडा नं. ४ भित्रका मो.बा. ग्राभेल तथा मर्मत | २०० |
| ३. | ढुङ्गछापा झाँझखोला गोरेटो पुल निर्माण | २०० |
| ४. | डाँडा बाँफु खापा टयाङ्कि निर्माण | १०० |
| ५. | ठुलिपोखरी घुयाला खानेपानी निर्माण | १०० |
| ६. | थापाचोक प्रतिक्षालय निर्माण | २०० |
| ७. | फिस्टेखोला खानेपानी निर्माण | १५० |
| ८. | बाङखानी खानीखोला खापा निर्माण | १५० |
| ९. | पैंयाबोट रिजर्व टयाङ्कि निर्माण | १५० |
| १०. | सुपेगैरा खापा निर्माण | ५० |
| **वडा ५ अन्तर्गतका आयोजना तथा कार्यक्रमहरु (जम्मा रु २२००)** | | |
| **क्र.सं.** | **योजना तथा कार्यक्रम** | **विनियोजन रकम रु (हजारमा)** |
| १. | वडा नं. ५ भित्रका मो.बा. सरसफाई तथा स्तरोनती | ८०० |

| | | |
|---|---|---|
| २. | वडा नं. ५ का मो.बा.को नाला तथा ग्राभेल | २०० |
| ३. | गुरासेतारा प्रा.वि. शौचालय निर्माण | २०० |
| ४. | बालबोध आ.वि. फिल्ड निर्माण तथा मर्मत | १५० |
| ५. | महानेटा बेताखुट्टी दहचौर पातल उकाला मो.बा. निर्माण तथा मर्मत | ४०० |
| ६. | ५ नं. वडा कार्यालयको फिल्ड तथा वाल निर्माण | २०० |
| ७. | नेपाल राष्ट्रिय आ.वि. वाल निर्माण | १०० |
| ८. | खानेपानी पाईप खरिद | १०० |
| ९. | विविध खर्च | ५० |
| **वडा ६ अन्तर्गतका आयोजना तथा कार्यक्रमहरु (जम्मा रु २१००)** | | |
| **क्र.सं.** | **योजना तथा कार्यक्रम** | **विनियोजन रकम रु (हजारमा)** |
| १. | वडा नं. ६ भित्रका मो.बा. सरसफाई तथा बाटुलचार नेटापरी ग्याबिन वाल निर्माण | १३०० |
| २. | ओखरबोट गर्पा धारा निर्माण तथा पाईप खरिद | १५० |
| ३. | बल्ले गर्पा सहायक मोटरबाटो निर्माण | १०० |
| ४. | बुरासे खानेपानी मर्मत | १०० |
| ५. | बल्ले पातल खानेपानी पाईप खरिद तथा धारा निर्माण | १५० |
| ६. | गैरा खानेपानी कुवा निर्माण | ५० |
| ७. | मछाईने खोली खर्काडाँडा खानेपानी मर्मत | १०० |
| ८. | विविध खर्च | १५० |
| **वडा ७ अन्तर्गतका आयोजना तथा कार्यक्रमहरु (जम्मा रु २३००)** | | |
| **क्र.सं.** | **योजना तथा कार्यक्रम** | **विनियोजन रकम रु (हजारमा)** |
| १. | वडा नं. ७ भित्रका मो.बा. सरसफाई तथा स्तरोनती | ९०० |
| २. | वडा नं ७ को शैक्षिक सुधार तथा खेलकुद कार्यक्रम संचालन | १०० |
| ३. | धवलडाँडा जायखोला मो.बा निर्माण | २०० |
| ४. | बाहुनथाना खानेपानी मर्मत तथा निर्माण | १०० |
| ५. | जनप्रिय युवा क्वब भवन मर्मत | २५० |
| ६. | आरखोला खानेपानी मर्मत तथा निर्माण | १५० |
| ७. | सुगारा खानेपानी मर्मत तथा निर्माण | १०० |
| ८. | विखोला खानेपानी मर्मत तथा निर्माण | १०० |
| ९. | वडा नं. ७ भित्रका मो.बा. नाला, ग्राभेल तथा ग्याविन वाल निर्माण | ४०० |

| गाउँ पालिकाका विभिन्न विषयगत शाखा/कार्यक्रम तर्फको बजेट तथा कार्यक्रमहरु | | |
|---|---|---|
| **कृषि विकास शाखा (जम्मा विनियोजन रकम रु १५००)** | | |
| **क्र.सं.** | **योजना तथा कार्यक्रम** | **विनियोजन रकम रु (हजारमा)** |
| १. | खेतवारी जोत्ने मिनिटिलर खरिद तथा वितरण ५० प्रतिशत अनुदान निजि कृषि फर्म तथा कृषि समुह | ४५० |
| २. | ६० प्रतिशत अनुदानमा पुराना सिचाई पोखरी मर्मत कृषि फर्म | १५० |
| ३. | कृषक समुहलाई सिँचाई पाईप खरिद तथा वितरण १०० प्रतिशत अनुदान कृषकहरुको सहभागीतामा | ५०० |
| ४. | उन्नत तथा हाइब्रेड जातका तरकारी विउ निशुल्क वितरण कृषक समुह सहकारी कृषि फर्म | ३५० |
| ५. | मासिक वैठक भत्ता तथा खाजा खर्च | १०० |
| ६. | कृषकहरुलाई निशुल्क आकसमिक वालि संरक्षण सेवा | १०० |
| **पशु सेवा शाखा (जम्मा विनियोजन रकम रु १५००)** | | |
| १. | भेटेरिनरी औषधी खरिद | ६०० |
| २. | २ वटा व्यवसायिक बाख्रापालन फर्ममा खोर सुधार कार्यक्रम | ४०० |
| ३. | पशु पछीं खोप कार्यक्रम संचालन | २०० |
| ४. | कृषक संग प्राविधिक घरदैलो कार्यक्रम | १२० |
| ५. | कृषक संग प्राविधिक घरदैलो कार्यक्रममा पेट्रोल खर्च | २५ |
| ६. | ओपिडी रजिष्टर ,पुर्जी तथा अन्य छपाई | ७५ |
| ७. | बार्षिक समिक्षा कार्यक्रम | ४० |
| ८. | स्टाफ मिटिङ आतेजाते खर्च/खाजा खर्च | ४० |
| **रोजगार सेवा केन्द्र (जम्मा विनियोजन रकम रु २८४७)** | | |
| १. | उद्यमशिलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रयाभुती सीप विकास उद्यमशिलता प्रबर्द्धन र पुनः एकिकरण सम्बन्धी कार्यक्रम संचालन | २५४७ |
| २. | वैदेशिक रोजगारबाट फर्केका व्यक्ति हरुको लागि सिपमुलक तालिम संचालन | २०० |
| ३. | बैदेशिक रोजगारमा जान चाहाने, गएका र फर्केका व्यक्तिहरुलाई अभिमुखिकरण कार्यक्रम | १०० |
| **शिक्षा यूवा तथा खेलकुद विकास शाखा (जम्मा विनियोजन रकम रु २७००)** | | |
| १. | गापा स्तरिय परिक्षा संचालन | ८०० |
| २. | राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम संचालन | १००० |
| ३. | कक्षा ८ को परीक्षा संचालन निरिक्षक उत्तरपुस्तिका परिक्षण अनुगमन र खाजा | ३०० |

| | | |
|---|---|---|
| | खर्च | |
| ४. | प्रधानाध्यापक मासिक बैठक भत्ता, खाजा तथा मसलन्द संचार खर्च | ३५० |
| ५. | शिक्षा समितिको बैठक भत्ता तथा खाजा खर्च | १५० |
| ६. | वार्षिक शैक्षिक क्यालेण्डर निर्माण,छपाई तथा व्यवस्थापन खर्च | ५० |
| ७. | अनुगमन तथा मूल्याङ्कन खर्च | ५० |
| **बहुक्षेत्रीय पोषण कार्यक्रम (जम्मा विनियोजन रकम रु १०००)** | | |
| १. | वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा सम्बन्धि बैठक संचालन | १०० |
| **स्वास्थ्य शाखा (जम्मा विनियोजन रकम रु १७००)** | | |
| १. | स्वास्थ्य संस्था प्रमुख तथा अन्य स्वास्थ्यकर्मीहरुसँग संचालित कार्यक्रमको प्रगति सम्बन्धि छलफल लगायतको लागि नियमित तथा त्रैमासिक बा चौमासिक बैठकभत्ता , यातायात र खाजा खर्च | १०० |
| २. | मोवाइल स्वास्थ्य कार्यक्रम कार्यान्वनका लागि महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई संचार खर्च | ९९ |
| ३. | स्वास्थ्य संस्थाहरुका लागि कार्यलय संचालन तथा एकमुष्ठ OPD अनुदान खर्च रकम | ९५ |
| ४. | सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका दिवस मनाउने | १० |
| ५. | राष्ट्रिय महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रमका लागि पोशाक प्रोत्साहन र यातायात खर्च संघीय सरकारबाटको अपुग रकम | २४ |
| ६. | सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका अर्धबार्षिक तथा बार्षिक समिक्षा कार्यक्रम | १९६ |
| ७. | खोप क्लिनिक तथा गाउँघर क्लिनिक नियमित संचालनका लागि स्वास्थ्यकर्मीहरुलाई यातायात खर्च | ११० |
| ८. | स्वास्थ्य शाखा स्वास्थ्य संस्थाहरुलाई पानी विजुली संचार तथा ईन्धन खर्च | ११० |
| ९. | स्वास्थ्य संस्थाहरुका लागि अति आवश्यक औषधि तथा औषधिजन्य सामाग्री खरिद र खोप औषधि तथा औषधिजन्य सामाग्री ढुवानी खर्च | १५० |
| १०. | स्वास्थ्य संस्था प्रमुख तथा पोषण कार्यक्रम फोकल पर्सन शिक्षक तथा स्वास्थ्यकर्मीहरुसँग अन्तरक्रिया कार्यक्रम | ६० |
| ११. | स्वास्थ्य सम्बन्धी बिभिन्न दिवसहरु मनाउन | ३० |
| १२. | खोप औषधि तथा औषधिजन्य स्वास्थ्य सामाग्री वितरण तथा रिप्याकिङ खर्च | १६ |
| १३. | नागरिक आरोग्य केन्द्र औषधि खरिद तथा व्यवस्थापन खर्च | २०० |
| **महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा (जम्मा विनियोजन रकम रु ३००)** | | |
| १. | विभिन्न दिवस तथा कार्यक्रम संचालन | २६० |

| | | |
|---|---|---|
| २. | शाखाको विभिन्न बैठक खर्च | ४० |
| **पञ्जिकरण शाखा (जम्मा विनियोजन रकम रु १००)** | | |
| १. | शाखाको विविध खर्च | १०० |
| **बन वातावरण तथा विपद व्यवस्थापन शाखा (जम्मा विनियोजन रकम रु ५००)** | | |
| १. | स्वच्छ वातावरण प्रवर्द्धनका लागि दीगो ठोस फोहोर व्यवस्थापन तथा ल्याण्डफिल साइट सञ्चालन, सरसफाइ तथा वातावरणीय संरक्षण कार्यक्रम | ५० |
| २. | पर्यापर्यटन, हरियाली क्षेत्र विकास, उच्च समस्थल खुला मनोरञ्जन तथा प्राकृतिक आकर्षण क्षेत्र  तथा पदमार्ग क्षेत्रको पहिचान एंव प्रवर्द्धन कार्यक्रम | २०० |
| ३. | सामुदायिक वन तथा सरोकारवालाको सहकार्यमा जलाधार संरक्षण, भू-कटान नियन्त्रण, वृक्षारोपण तथा वातावरणीय सुधार कार्यक्रम | २५० |
| **उद्यम विकास कार्यक्रम तर्फ (जम्मा विनियोजन रकम रु ३००)** | | |
| १ | उद्यम प्रवर्धन समिति सिपमुलक तालिम संचालन | २०० |
| २ | उद्यम विकास समिति तथा कर्मचारी बैठक खर्च | १०० |

गंगादेव गाउँपालिका

गंगादेव गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सानडाँडा, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल